# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी
२०७३

## सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०५/०६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार आ.व. २०८०/०८१ का लगि यस बेनी नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने विज्ञापन कर उठाउन स्थानीय राजश्व परामर्श समितिको सिफारिश तथा नगरसभाको निर्णय बमोजिम तोकिएको दररेट अनुसार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक फर्म, कम्पनी, व्यक्तिले निम्न शर्तको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

१) यो सूचना प्रकाशित भएको मितिले १५औ दिनसम्म कार्यालय समयभित्र अद्यावधिक नवीकरण गरेको इजाजतपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता, र आ.व. २०७८/०७९ सम्मको करचुक्ता प्रमाणपत्र सहित पछि फिर्ता नहुने गरी रु १०००(एक हजार रुपैया मात्र) दस्तुर तिरेको सक्कलै नगदी रसिद पेश गरेपछि यस कार्यालयबाट दरभाउपत्र प्राप्त गर्न सकिनेछ ।

२) दरभाउपत्रदाताले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६औं दिनको १२ बजेसम्म यस कार्यालयमा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नुपर्नेछ । यसरी दाखिला हुन आएका सिलबन्दी दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

४) दरभाउपत्र फाराममा दररेट स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरको दररेट फरक पर्न गएमा अक्षरमा लेखिएको दरलाई मान्यता दिइनेछ ।

५) दरभाउपत्रमा न्यूनतम अङ्क भन्दा माथी कबोल गर्नुपर्नेछ । सबैभन्दा बढी कबोल गर्ने दरभाउपत्रलाई स्वीकृत गरिनेछ ।

६) दरभाउपत्रदाताले आफूले पेश गरेको कबोल अङ्क मूल्य अभिवृद्धि कर सहित वा बाहेक भन्ने स्पष्ट उल्लेख गर्नुपर्नेछ । यदि उल्लेख नगरेमा मूल्य अभिवृद्धि कर बाहेकको मानिनेछ ।

७) दरभाउपत्रसाथ आफूले कबोल गरेको अङ्कको ५ प्रतिशतले हुने जमानत बापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेडमा रहेको खाता नं ०६३०३००००३०००००००१ मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ९० दिनसम्म मान्य अवधि भएको ग्यारेन्टी पेश गर्नुपर्नेछ ।

८) रीत नपुगेको वा म्याद नाघी आएको वा शर्त सहितको दरभाउपत्र उपर कुनै कारवाही गरिनेछैन ।

९) दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्र पेश गर्दा अनिवार्य दरभाउपत्र नं खुलाइ सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

१०)यस सूचनामा उल्लेखित कुराहरु बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा वेनी नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०८० बमोजिम हुनेछ ।

११) विज्ञापन कर संकलन गर्दा देहाय बमोजिमको दरमा संकलन गर्नुपर्नेछ ।

तपशिल

| क.स | विज्ञापन सामाग्रीहरुको विवरण | सार्वजनिक स्थानमा रु | निजि. स्थानमा रु |
|---|---|---|---|
| १ | विद्युतिय डिजिटल वोर्ड प्रति वर्ग फिट | १३० | ११५ |
| २ | डिजिटल डिस्प्ले वोर्ड तथा डिजिटल स्क्रिन प्रति वर्ग फिट | १२० | ११० |
| ३ | ग्लो साइन वोर्ड, नियोन, साइन एल इ डी बोर्ड, ए.सि.पी.बोर्ड तथा अन्य लाइट वोर्ड | ११० | ९० |
| ४ | पसलमा राखिने फ्लेक्स गेट फ्लेक्स वोर्ड प्रति वर्ग फिट | ९० | ७० |
| ५ | पसल वाइडीङ्ग गर्न लगाइने सामाग्रीहरु भित्र बाहिर भिनाइल फोरेक्स आदी | ७५ | ६० |
| ६ | बाल पेन्टिङ्ग सटर पेन्टिङ्ग प्रति वर्ग फिट | ५५ | ३० |
| ७ | अन्य विज्ञापन | ५० | २० |
| ८ | व्यवसायिक व्यानर प्रति हप्ता रु. ५०।०० | | |

पुनश्च :

- माथि वर्गिकरण गरिए वमोजिम प्रचार वोर्ड राख्न स्विकृति दिंदा वोर्ड राख्न खोजिएको स्थल सार्वजनिक भएमा वा सडक मापदण्ड भित्र पर्ने भएमा सार्वजनिक र सो जग्गा नीजि भएमा वा सडक मापदण्ड भित्र नपर्ने भएमा नीजि मानी सोहि वमोजिम कर दस्तुर लगाईनेछ ।
- कुनै पनि व्यवसाय संघ सँस्था कार्यालयले आफ्नो पसल वा कार्यालयको अघिल्लतीर परिचय गर्ने उद्देश्यले राखेको वढीमा २० वर्ग फुट सम्मको १ मात्र परिचयपाटी राख्न पाउने र सो भन्दा वढी भएमा अथवा एउटै परिचयपाटीमा विज्ञापन गर्ने उद्देश्यले अन्य कम्पनीको विज्ञापन सामाग्री सहित परिचय पाटी राखिएमा माथी उल्लेख गरे वमोजिमले विज्ञापन कर लिइनेछ ।
- प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१२) सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालयसमयभित्र यस नगरपालिकाको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१३) यस संग सम्बन्धित सूचना बेनी नगरपालिकाको वेबसाइट www.benimun.gov.np मा समेत हेर्न सकिनेछ ।

२०८०/०४/०५

प्रमुख प्रशासकीय अधिकृत